# तलकोट  गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड. २   सङ्ख्या.५७     मितिः २०८२/०९/२२**

## भाग - १

## तलकोट गाउँपालिका

| ऐन संख्या :- | २४ |
|---|---|

| सभाबाट स्वीकृत मिति :- | २०८२।०९।२० |
|---|---|

गाउँसभाबाट पारित मितिः२०८२।०९।२०

## तलकोट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई संशोधन गर्न बनेको विधेयक– २०८२

प्रस्तावनाः

तलकोट गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम तलकोट गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२ लाई संशोधन गर्ने विधेयक, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त तलकोट गाउँपालिका क्षेत्रभर प्रारम्भ हुनेछ।

**२. दफा १४ सँग सम्बन्धित अनुसुचि १३ को व्यवस्थामा देहाय अनुसार थप गर्नेः**

१. पर्यटन शूल्क अन्तरगत तपोवन तातोपानी क्षेत्रमा देहाय अनुसार प्रवेश शूल्क लगाउनेः

क. दश वर्ष मुनिका बालबालिका र ७० वर्ष माथिका सबै नेपाली ज्येष्ठ नागरिकलाई प्रवेश निःशूल्क,

ख. माथि क मा उल्लिखित बाहेकका यस गाउँपालिकाका नागरिकलाई हरेक पटक रु २०/-

ग. बझाङ जिल्ला भित्रका अन्य नागरिकलाई हरेक पटक प्रवेशका लागि रु ५०/-

घ. बझाङ जिल्ला बाहिरका खण्ड क बाहेकका सबै नेपाली नागरिकलाई हरेक पटक प्रवेशमा रु १००/-

ङ. सबै विदेशी पर्यटक हरेक पटकको प्रवेशमा रु ५००/-

३. दफा १३ सँग सम्बन्धित अनुसुचि १२ को क्रमांक ६९ पछि देहायको विषय थप गर्नेः

क. परीक्षा शूल्कः

१. अधिकृत तहका लागि परीक्षा दस्तुर रु १५००/-

२. सहायक पाँचौं तहका लागि परीक्षा दस्तुर रु १०००/-

३. सहायक चौथो तहका लागि परीक्षा दस्तुर रु ८००/-

४. श्रेणीविहीन तहका लागि परीक्षा दस्तुर रु ५००/-

४. ऐनको दफा १७ सँग सम्बन्धित अनुसुचि १६ मा देहायको कुरा थप गर्नेः

क. क्रमांङ्क १ र २ को सट्टामा देहायको दर रेट कायम गर्नेः

१. टयाक्टर बहाल न्यूनतम ०.२५ (१५ मिनेट) घण्टासम्म रु ५००/- तेल समेत

२. टयाक्टर बहाल प्रतिघण्टा रु ३५००/- तेल समेत र रु २५००/- तेल बाहेक

३. टयाक्टर मासिक बहाल दर रु ८०,०००/- तेल,चालक बाहेक र मर्मत खर्च सम्बन्धित बहालमा लिनेले नै व्यहोर्ने गरी ।

४. दैनिक एकमुष्ट बहाल दर रु १२०००/-

ख. एक्जाभेटर मासिक बहाल न्यूनतम रु ४,५०,०००/- मा नघट्ने गरी बढाबढबाट निर्धारण गरी तेल, चालक र सबै मर्मत खर्च सम्बन्धित बहालमा लिने पक्षले नै व्यहोर्ने गरी व्यवस्था गर्नुपर्ने

आज्ञाले
केशवराज भट्ट
प्रमुख प्रशासकीय अधिकृत